नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/८१ चलानी नं.:- ९३

मिति:- २०८०/०५/११

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथ आपूर्ति मन्त्रालय अन्तर्गत वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको च.नं. १७९ मिति २०८०/०५/०८ को वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी व्यवसायको अनुगमन सम्बन्धी पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रबाट अवगत गरी सोही बमोजिम आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ।

आयुषी भट्टराई
शाखा अधिकृत

**बोधार्थः**
श्री आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल, काठमाडौं।
श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईट:- www.mofaga.gov.np

संघीय मा.म.

११.


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**
(बैदेशिक व्यापार नियमन शाखा)
बबरमहल, काठमाडौं

(फोन नं. ९७७ – ०१ – ४२४७९१२
४१४७९१३
फ्याक्स नं. ९७७ – ०१ – ४२४९६)


प.सं. २०८०/८१
च.नं. १७५

मितिः २०८०/०५/०८

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ८३१
दर्ता मिति:- ५/१०

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

विषयः वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी व्यवसायको अनुगमन सम्बन्धमा।

प्रस्तुत विषयमा वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा सोको नियमावली, २०७६ बमोजिम २०८० साल असार मसान्तसम्म विभिन्न १७ वटा कम्पनीहरुले इजाजतपत्र लिई प्रत्यक्ष बिक्री तथा वितरण सम्बन्धी व्यवसाय सञ्चालन गरिरहेका छन्। कानून बमोजिम इजाजतपत्रवाला कम्पनीहरुको तर्फबाट नियुक्त भई सम्झौता गरिएका बिक्रेता/वितरकहरु इजाजत प्राप्त वस्तुहरुको बजारीकरण, बजार प्रबर्द्धन एवं वस्तु बिक्री तथा वितरण गर्न तहाँ जिल्लाहरुमा समेत खटिएका छन् । साथै कम्पनीहरुले बिक्री कक्ष स्थापना गरी विभिन्न स्थानहरुमा कारोबार गरिराखेको अवस्था छ ।

यसै सन्दर्भमा ऐनको दफा ३० बमोजिम वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी व्यवसायको अनुगमन गर्न जिल्लास्तरमा एक अनुगमन समितिको व्यवस्था गरी दफा ३१ मा उक्त अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिएको छ । नेपालको सन्दर्भमा यस किसिमको व्यवस्था नयाँ भएको हुँदा यस विषयमा उपभोक्ता तथा नियामक निकायहरुमा पनि प्रत्यक्ष बिक्री सम्बन्धी कानूनी, प्राविधिक एवं व्यवस्थापकीय पक्षबारे सिमित जानकारी मात्र देखिन आएकोले वस्तुलाई प्याकेजको रुपमा बिक्री वितरण गर्ने, वस्तुहरुको समूहिकृत बिक्री गर्ने लगायतका माध्यमबाट उपभोक्ताहरु ठगिन सक्ने अवस्था रहेको र कतिपय कम्पनी तथा बिक्री कक्ष/वितरकहरु इजाजतपत्र नलिईकन प्रत्यक्ष बिक्री वा वितरण भइरहेको गुनासो समेत प्राप्त भइरहेको सन्दर्भमा तिनै तहका सरकारहरु र कानूनद्वारा अधिकारप्राप्त सबै संयन्त्र एवं सरोकारवाला निकायहरु सतर्क हुनुपर्ने अवस्थालाई मनन गरी उक्त ऐनको दफा ३० बमोजिमको अनुगमन समिति सक्रिय हुनुपर्ने आवश्यकता महसुस गरी पत्राचार गरिएको अवस्था छ ।

त्यसैगरी उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३२ बमोजिम स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुलाई निरीक्षण अधिकृत तोकिएको छ । सोही ऐनको दफा २८ बमोजिमको स्थानीय बजार अनुगमन समिति समेत सक्रीय बनाउनुपर्ने आवश्यकता महसुस गरिएको छ । यस सन्दर्भमा कानुनी व्यवस्थाका बारेमा यस विभागको वेबसाइट www.doc.gov.np मा राखिएको ऐन, नियमावली र निर्देशिकाबाट विस्तृत जानकारी हासिल गर्नुभई उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २८ बमोजिमको स्थानीय बजार अनुगमन समिति सक्रीय बनाई सोको नियमावली समेतमा भएका कानूनी प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि अनुगमनमार्फत विभिन्न नाममा हुन सक्ने गैरकानूनी तथा उपभोक्ता हकहित विरुद्धका क्रियाकलाप नियन्त्रण एवं आवश्यक कारवाहीका लागि स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन अनुरोध छ ।

२०८०/०५/०८

(गजेन्द्र कुमार ठाकुर)
महानिर्देशक

**बोधार्थः**
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाडौं।